आज मिति २०८० साल जेठ २५ गते विहीबार बिहान ९:०० बजे गाउँपालिकाको बैठक हलमा गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | कार्यपालिका सदस्य | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ६. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ७. | श्री भुपाल सिंह तामाङ | कार्यपालिका सदस्य | |
| ८. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| ९. | श्री युवराज पहाडी | कार्यपालिका सदस्य | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | कार्यपालिका सदस्य | |
| ११. | श्री मोहन बहादुर गौतम | कार्यपालिका सदस्य | |
| १२. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री जीतेन्द्र गिरी | नि.प्र.प्र.अ. | |

सहजकर्ता: श्री प्रेम बहादुर नुंगेली, इ.अ.

सचिव: श्री चन्द्रिका थापा, डी.ई.

श्री नारायण अधिकारी, डी.ई.

मिति २०८० जेष्ठ २५ गते बिहीबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा । | यस गाउँपालिकाको यस अघिको गाउँ कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । |
| २ | आ.व. ०८०/८१ का लागि योजना छनौट सम्बन्धमा । | आ.व.०८०/८१ का लागि सम्पूर्ण वडाहरुले बस्ती टोल स्तरबाट योजना तथा कार्यक्रमहरु संकलन गरी वडास्तरबाट प्राथमिकीकरण गरी मिति २०८०/०३/०५ गतेभित्र गाउँपालिकामा पेश गर्ने । |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र, लाम्पनटारको निर्णय सम्बन्धमा । | प्राथमिक स्वास्थ्य केन्द्र लाम्पनटारको स्वास्थ्य व्यवस्थापन समितिले गरेका निर्णयहरु तत्काल यस गाउँपालिकामा उपलब्ध गराउन निर्देशन दिने र प्रचलित नियम अनुसार नभएका निर्णयहरु खारेज गर्ने । साथै, अब उप्रान्त सबै स्वास्थ्य व्यवस्थापन समितिले निर्णयहरु वडा कार्यालय र गाउँपालिका कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउने । |
| ४ | पुनः एकीकरण कार्यक्रम कार्यान्वयन समिति सम्बन्धमा । | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ को दफा १९ बमोजिम कार्यक्रम कार्यान्वयन समितिलाई तपसिल बमोजिम पूर्णता दिने ।<br>(क) संयोजकले तोकेको गाउँ कार्यपालिकाको एक जना सदस्य - श्री कमल बहादुर दमै<br>(ख) गैरसरकारी संस्थामध्ये संयोजकले तोकेको एक जना - श्री मुकुन्द तिमल्सिना, उद्योग वाणिज्य संघ<br>(ग) वैदेशिक रोजगारीमा गई कम्तिमा दुई वर्ष काम गरी फर्किई यस गाउँपालिका भित्र बसोबास गर्दै आएका व्यक्तिहरुमध्येबाट संयोजकले तोकेको एक जना - श्री जित बहादुर तामाङ, वडा नं. ११ |
| ५ | पुनः एकीकरण कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | पोषणमैत्री वडा समेत घोषण गर्नुपर्ने भएकोले यस आर्थिक वर्षका पुनः एकीकरण कार्यक्रमहरु कृषि तथा पशु विकास सम्बन्धी कामहरुमा प्रविधि हस्तान्तरण र प्रविधि सिप विकास तालिम सञ्चालन गर्ने । |
| ६ | एम्बुलेन्स खरिद सम्बन्धमा । | यस गाउँपालिकाको आव ०७९/८० को स्वीकृत वार्षिक कार्यक्रमबाट वडा नं ७ र ८ का लागि श्री स्वास्थ्य चौकी बाहुनतिल्पुङ्गले सञ्चालन गर्ने गरी एम्बुलेन्स खरिदका लागि जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति, प्रादेशिक |

Scanned with CamScanner

मिति २०८० जेष्ठ २५ गते बिहीबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | एम्बुलेन्स व्यवस्थापन समिति र राष्ट्रिय एम्बुलेन्स व्यवस्थापन समिति समक्ष राजश्व छुटका लागि सिफारिस गर्ने । |
| ७ | लगत सङ्कलनको लागि पुनः सूचना प्रकाशनको लागि अनुरोध गर्ने सम्बन्धमा । | नेपाल सरकार, राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाडौंको मिति २०७८/११/२६ मा प्रकाशित ३५ दिने सूचना बमोजिम यस गाउँपालिकामा सङ्कलित भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको फारामहरु पूर्ण नरहेको पाइएको (फाराममा तत्कालिन वडा अध्यक्षको सहीछाप नभएको, वडा कार्यालयको सिफारिस नभएको, आदि) तथा अझै पनि कतिपय व्यक्तिहरु फाराम भर्न छुट भएको भन्ने गुनासाहरु प्राप्त भएकोले पुनः एक पटक छुट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई लगत सङ्कलन फाराम भर्ने सूचना प्रकाशनको लागि जिल्ला भूमि आयोग समिति मार्फत भूमि आयोग, सिन्धुली मार्फत राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाडौंमा अनुरोध गर्ने । |
| ८ | विविध । | (क) वडा नं. १ को छछरीमा सोलार लिफ्टिङ प्रविधि मार्फत सञ्चालनमा आएको आलमपूर लामीडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको मोटर पम्प बिग्रिई खानेपानी वितरणमा समस्या भएकोले मोटर खरिद विद्युत विस्तार बापत इष्टिमेट बमोजिम प्राप्त रकमको ५० (पचास) प्रतिशत गाउँपालिकाको समपूरक कोषबाट खर्च व्यहोर्ने ।<br>(ख) वडा नं. २ को वडा कार्यालयको नयाँ भवन निर्माण गर्नको लागि पुरानो भवन हटाउनुपर्ने भएकोले आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी वडा समितिको रोहवरमा कार्य अगाडी बढाउने ।<br>(ग) वडा नं. ६ को श्री चम्पादेवी माध्यमिक विद्यालय घ्याम्पा गडाम्रेको पुरानो हटाएर वडा कार्यालय निर्माणको लागि घडेरी निर्माण गर्नुपर्ने भएकोले वडा समितिको रोहवरमा कार्य अगाडि बढाउने ।<br>(घ) यस गाउँपालिकाको बाल कल्याण अधिकारी श्री संगिता श्रेष्ठलाई औषधि उपचार खर्च बापत रु.३०,०००।- आर्थिक सहयोग सम्बन्धमा । |

Scanned with CamScanner